# कारोबार रकम घट्दो

## सोमवार सामान्य बढ्यो नेप्से

**अभियान संवाददाता**

काठमाडौं

पछिल्ला कारोबार दिन नेप्सेमा कारोबार रकम घट्दो क्रममा रहेको देखिन्छ । सोमवार ५ अर्ब रुपैयाँभन्दा कमको कारोबार भएको छ । सोमवार ४ अर्ब ७४ करोड रुपैयाँभन्दा बढीको १ करोड ९ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो । अघिल्लो कारोबार दिन भने ५ अर्ब २७ करोड रुपैयाँभन्दा बढीको १ करोड २१ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको थियो ।

कुल कारोबारमा सर्वाधिक हिस्सा भने रिलायन्स स्पिनिङ्ग मिल्सको रहेको छ । यस कम्पनीको ३० करोड ७४ लाख रुपैयाँभन्दा बढीको ७२ हजारभन्दा बढी कित्ता शेयर कारोबार भएको हो । सर्वाधिक रकमको कारोबार भएको यस कम्पनीको शेयर मूल्य भने प्रतिकित्ता १९ रुपैयाँले बढेर अन्तिम मूल्य ४ हजार २३९ रुपैयाँ कायम भएको छ ।

सोमवार नेप्से परिसूचक भने ७ दशमलव ७३ अंक बढेर २ हजार ७९६ दशमलव ४३ विन्दुमा बन्द भएको छ । यस दिन खुला विन्दुभन्दा माथि नै गएर बजार बन्द भएको हो । २ हजार ७९५ दशमलव २१ विन्दुदेखि खुलेको सोमवारको बजार २ हजार ८०६ दशमलव ९६ विन्दुसम्म पुगेको थियो भने २ हजार ७८९ दशमलव २२ विन्दुसम्म झरेको थियो ।

यस दिन चार कम्पनीको शेयर मूल्य उच्च दरमा बढेको छ । कर्पोरेट डेभलपमेन्ट बैंक, पाल्पा सिमेन्ट र शिखर पावरको शेयर मूल्य १५ प्रतिशत बढ्दा सिटि होटलको शेयर मूल्य यो दिन १४ दशमलव ९९ प्रतिशत बढेको छ । उच्च मूल्य बढ्ने कम्पनीहरूको सूचीमा यो दिन सिटि होटल पनि परेको छ । यस दिन झापा इनर्जीको शेयर मूल्य ९ दशमलव ४४ प्रतिशत बढेको देखिन्छ ।

नयाँ कम्पनीहरूको शेयरमा लगानीकर्ताको आकर्षण निरन्तर कायम रहेको अवस्था अहिलेको बजारमा रहेको छ ।

यो दिन पाँच समूहको परिसूचक घटेको छ भने बाँकीको बढेको छ । यो दिन व्यापार समूहको परिसूचक सर्वाधिक १ दशमलव ३९ प्रतिशत घटेको छ भने उत्पादन तथा प्रशोधन समूहको परिसूचक सर्वाधिक १ दशमलव ५२ प्रतिशत बढेको छ ।

**बजार पूँजीकरण बढ्यो**

सोमवार बजार पूँजीकरण रू. १३ अर्ब १८ करोडले बढ्दै रू. ४७ खर्ब ६९ अर्ब ४५ करोड कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४७ खर्ब ५६ अर्ब २७ करोड थियो ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा सोमवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ। कुल कारोबारमध्ये ४४ दशमलव शून्य ६ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. २ अर्ब ९ करोड बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा उत्पादन तथा प्रशोधन समूह रहेको छ । उक्त समूहको रू. ७१ करोड ५६ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

सोमवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. ६२ करोड ८३ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ३३ करोड ८६ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. २८ करोड ९६ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ४५ रहेको छ । जसबाट सोमवारको बजारमा रू. ३५ करोड १२ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | २,७६८ | १५ | निफ्रा हरित उर्जा ऋणपत्र ६% - २०८८/८९ | १,०३२ | -१४.०१ |
| पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेड | १,११७.१० | १५ | माईखोला हाइड्रोपावर लिमिटेड | ६५२ | -१०.०१ |
| शिखर पावर डेभलपमेन्ट लिमिटेड | १,०५८.१० | १५ | १०.२५% केबिएल डिबेन्चर २०८६ | १,१३१.१० | -७.६७ |
| सिटि होटल लिमिटेड | ५२३.२० | १४.९९ | ११% केबिएल डिबेन्चर २०८९ | १,२१३.२० | -६.५१ |
| झापा इनर्जी लिमिटेड | १,७५१ | ९.४४ | ग्लोबल आइएमई बैंक डिबेन्चर २०८४/८५ | १,१३६.७० | -५.९० |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य (रू.) |
|---|---|---|
| रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड | ३०.७४ | ४,२३९ |
| आँखुखोला जलविद्युत् कम्पनी लिमिटेड | २६.१८ | ३९६.७० |
| सोलु हाइड्रोपावर लिमिटेड | २३.९७ | ७९९ |
| नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड | १४.८९ | ३०६.५० |
| कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | १२.८८ | २,७६८ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | २८.९६ | ३३.८६ | ६२.८३ |
| ४५ | १६.९८ | १८.१४ | ३५.१२ |
| ४८ | १९.७८ | १४.९३ | ३४.७२ |
| ३४ | १४.४१ | १७.५० | ३१.९२ |
| ४९ | १३.३६ | १७.२८ | ३०.६४ |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | २०९.२१ | ४४.०६ |
| २ | उत्पादन तथा प्रशोधन | ७१.५६ | १५.०७ |
| ३ | विकास बैंक | ४४.२२ | ९.३१ |
| ४ | बैंकिङ्ग | ३७.८२ | ७.९७ |
| ५ | अन्य | २४.९४ | ५.२५ |
| ६ | होटल तथा पर्यटन | १७.८१ | ३.७५ |
| ७ | लगानी | १७.२३ | ३.६३ |
| ८ | लघुवित्त | १५.७४ | ३.३२ |
| ९ | जीवन बीमा | ११.७७ | २.४८ |
| १० | वित्त | ८.२३ | १.७३ |
| ११ | संस्थापक शेयर | ७.९१ | १.६७ |
| १२ | निर्जीवन बीमा | ३.४८ | ०.७३ |
| १३ | व्यापार | २.८३ | ०.६० |
| १४ | म्युचुअल फण्ड | १.७४ | ०.३७ |
| १५ | ऋणपत्र | ०.३३ | ०.०७ |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | उत्पादन तथा प्रशोधन | ११,८८१.०८ | १.५२ |
| २ | विकास बैंक | ६,०४८.३४ | १.१४ |
| ३ | होटल तथा पर्यटन | ८,२४६.७७ | ०.९७ |
| ४ | बैंकिङ्ग | १,४५६.७५ | ०.६८ |
| ५ | वित्त | २,३९१.३१ | ०.४४ |
| ६ | लघुवित्त | ४,८३९.८४ | ०.२९ |
| ७ | निर्जीवन बीमा | १०,८९८.२१ | ०.१५ |
| ८ | जीवन बीमा | १२,५६०.४८ | ०.१३ |
| ९ | म्युचुअल फण्ड | २१.७९ | -०.०७ |
| १० | जलविद्युत् | ३,९९१.८८ | -०.१९ |
| ११ | लगानी | १०३.९४ | -०.२८ |
| १२ | अन्य | २,००३.४६ | -०.४४ |
| १३ | व्यापार | ३,७६८.५४ | -१.३९ |

# एभरेष्ट बैंकको लाभांश क्षमता बढ्यो

काठमाडौं (अस) । चालू आर्थिक वर्षको तेस्रो त्रैमाससम्म गत वर्षको सोही अवधिभन्दा एभरेष्ट बैंकको लाभांश क्षमता १० प्रतिशतभन्दा बढीले वृद्धि भएको छ। वित्तीय विवरण अनुसार गत वर्ष तेस्रो त्रैमाससम्म ३ अर्ब ६७ करोड रुपैयाँभन्दा बढी रहेको वितरणयोग्य नाफा यस वर्ष ४ अर्ब ४ करोड रुपैयाँभन्दा बढी कायम भएको हो ।

कम्पनीको खुद नाफा भने करीब ४ प्रतिशत घटेको छ । गत वर्ष ३ अर्ब ४५ करोड रुपैयाँभन्दा बढी खुद नाफा गरेको कम्पनीले यस वर्ष ३ अर्ब ३२ करोड रुपैयाँभन्दा बढी खुद नाफा गरेको हो। यस वर्ष कम्पनीको इम्पेयरमेन्ट चार्ज बापतको रकम बढ्दा खुद नाफा घट्न गएको हो । गत वर्ष २७ करोड २९ लाख रुपैयाँभन्दा बढी रहेको इम्पेयरमेन्ट चार्ज रकम यस वर्ष ७७ करोड ७३ लाख रुपैयाँभन्दा बढी रहेको हो ।

हाल कम्पनीको चुक्तापूँजी १३ अर्ब ७२ करोड १३ लाख ७६ हजार रुपैयाँ छ। यस अवधिसम्म कम्पनीको जगेडा कोषमा भने १५ अर्ब ५० करोड रुपैयाँभन्दा बढी छ । तेस्रो त्रैमाससम्म ३ खर्ब २ अर्ब रुपैयाँभन्दा बढी निक्षेप संलकन गरेको कम्पनीले २ खर्ब ५० अर्ब रुपैयाँभन्दा बढी कर्जा प्रवाह गरेको छ ।

कम्पनीको निष्क्रिय कर्जा गत वर्ष शून्य दशमलव ६४ प्रतिशत रहेकोमा यस वर्ष शून्य दशमलव ६१ प्रतिशतमा झरेको छ। प्रतिशेयर आम्दानी ३२ रुपैयाँ ३५ पैसा रहेको कम्पनीको प्रतिशेयर नेटवर्थ भने २४४ रुपैयाँ २७ पैसा छ ।

# नेपाल बैंकको नाफा २ अर्ब ७९ करोड रुपैयाँभन्दा बढी

काठमाडौं (अस) । नेपाल बैंक लिमिटेडले चालू आर्थिक वर्षको तेस्रो त्रैमाससम्म २ अर्ब ७९ करोड रुपैयाँभन्दा बढी खुद नाफा गरेको छ । कम्पनीले सार्वजनिक गरेको यस अवधिसम्मको अपरिस्कृत वित्तीय विवरण अनुसार गत वर्षकोभन्दा यस वर्षको खुद नाफा शून्य दशमलव ३४ प्रतिशतले मात्र बढेको हो । गत वर्ष यस अवधिसम्म कम्पनीले २ अर्ब ७८ करोड रुपैयाँभन्दा बढी खुद नाफा गरेको थियो ।

यस अवधिसम्म कम्पनीको वितरणयोग्य नाफा भने गत वर्षभन्दा करीब ५ प्रतिशत बढेर ३२ करोड १३ लाख रुपैयाँभन्दा बढी कायम छ । यस वर्ष इम्पेयरमेन्ट चार्ज बापतको ३९ करोड १० लाख रुपैयाँभन्दा बढी रकम फिर्ता आएसँगै कम्पनीको सञ्चालन नाफा १२ प्रतिशतभन्दा बढीले वृद्धि भएको छ । गत वर्ष ४ अर्ब ३१ करोड रुपैयाँभन्दा बढी सञ्चालन नाफा रहेको कम्पनीले यस वर्ष भने ४ अर्ब ८५ करोड रुपैयाँभन्दा बढी यो नाफा गरेको हो ।

हाल कम्पनीको चुक्तापूँजी १४ अर्ब ६९ करोड ४० लाख रुपैयाँ छ भने जगेडा कोष रकम २५ अर्ब रुपैयाँभन्दा बढी छ । तेस्रो त्रैमाससम्म कम्पनीले गत वर्षभन्दा करीब १६ प्रतिशत बढी निक्षेप संकलन गरेको छ भने करीब ९ प्रतिशत बढी कर्जा प्रवाह गरेको छ ।

कम्पनीले ३ खर्ब ८४ अर्ब रुपैयाँभन्दा बढी निक्षेप संकलन गरेको हो भने २ खर्ब ३९ अर्ब रुपैयाँभन्दा बढी कर्जा प्रवाह गरेको हो ।

निष्क्रिय कर्जा गत वर्ष ५ दशमलव ४५ प्रतिशत रहेकोमा यस वर्ष घटेर ४ दशमलव ९६ प्रतिशत कायम भएको छ। तेस्रो त्रैमाससम्म कम्पनीको प्रतिशेयर आम्दानी २५ रुपैयाँ ३४ पैसा र प्रतिशेयर नेटवर्थ २७२ रुपैयाँ ७९ पैसा छ ।

# अरुण काबेली पावरलाई हकप्रद निष्कासन गर्न आयोगको पूर्व स्वीकृति

काठमाडौं (अस) । विद्युत् नियमन आयोगले अरुण काबेली पावर लिमिटेडलाई ५० प्रतिशत हकप्रद शेयर निष्कासन गर्न पूर्व स्वीकृति प्रदान गरेको छ । वैशाख ३ गतेको निर्णय अनुसार आयोगले कम्पनीलाई हाल कायम चुक्तापूँजी ३ अर्ब ८९ करोड ५९ लाख ४२ हजार १०० रुपैयाँको आधारमा १ अर्ब ९४ करोड ७९ लाख ७१ हजार ५० रुपैयाँ बराबरको हकप्रद शेयर निष्कासन गर्न पूर्व स्वीकृति दिएको हो ।

कम्पनीलाई काबेली इनर्जी लिमिटेडमा लगानी गर्ने गरी उक्त रकम बराबरको हकप्रद शेयर निष्कासन गर्न पूर्व स्वीकृति दिएको आयोगले जानकारी दिएको छ। काबेली इनर्जी लिमिटेडले ३७ दशमलव ६ मेगावाट क्षमताको काबेली ए जलविद्युत् आयोजना निर्माण गरिरहेको छ ।

यस कम्पनीले ५० प्रतिशत हकप्रद शेयर निष्कासन गर्ने प्रस्ताव गत असोज ३ गते सम्पन्न वार्षिक साधारणसभाबाट पारित गरिसकेको छ। आयोगको अनुमतिपछि कम्पनीले अब नेपाल धितोपत्र बोर्डमा स्वीकृतिका लागि आवेदन पेश गर्नेछ । बोर्डमा हकप्रद शेयर निष्कासनका लागि आवेदन दिँदा जलविद्युत् कम्पनीहरूले आयोगबाट पूर्व स्वीकृति लिनुपर्ने हुन्छ ।

**Sindhu Bikash Bank Ltd.**
**सिन्धु विकास बैंक लि.**
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको ईजाजत पत्र प्राप्त संस्था)

प्रधान कार्यालय- बाह्रबिसे, सिन्धुपाल्चोक, नेपाल
कर्पोरेट कार्यालय- बनेपा, काभ्रेपलाञ्चोक
फोन नं.: ०११-६६२३४०/४१/५१
Email: info@sindhubank.com.np

## Unaudited Financial Results (Quarterly)

### Condensed Statement of Financial Position

As on Quarter ended 30th Chaitra 2082 (13th April 2026)

*Amount in NPR*

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and Cash Equivalent | 509,158,204 | 779,538,102 |
| Due from Nepal Rastra Bank | 311,242,445 | 240,358,325 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to BFIs | 202,333,023 | 169,998,760 |
| Loans and Advances to Customers | 3,291,457,410 | 3,208,772,870 |
| Investment Securities | 1,378,597,372 | 1,527,597,541 |
| Current Tax Assets | 54,817,938 | 39,935,557 |
| Investment in Subsidiaries | - | - |
| Investment in Associates | - | - |
| Investment Property | 98,746,968 | 53,034,175 |
| Property and Equipment | 255,142,584 | 264,779,550 |
| Goodwill and Intangible Assets | 555,582 | 616,559 |
| Deferred Tax Assets | 44,338,959 | 44,638,908 |
| Other Assets | 62,102,160 | 84,051,323 |
| **Total Assets** | **6,208,492,645** | **6,413,321,670** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 5,518,051,965 | 5,680,896,178 |
| Borrowings | - | 1,671,120 |
| Current Tax Liabilities | - | 0.07 |
| Provisions | - | - |
| Deferred Tax Liabilities | - | - |
| Other Liabilities | 181,501,352 | 188,711,818 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **5,699,553,316** | **5,871,279,116** |
| **Equity** | | |
| Share Capital | 557,456,067 | 557,456,067 |
| Share Premium | - | - |
| Retained Earnings | (266,349,177) | (203,693,789) |
| Reserves | 217,832,438 | 188,280,276 |
| **Total Equity Attributable to Equity Holders** | **508,939,329** | **542,042,554** |
| **Non Controlling Interest** | - | - |
| **Total Equity** | **508,939,329** | **542,042,554** |
| **Total Liabilities and Equity** | **6,208,492,645** | **6,413,321,670** |

### Condensed Statement of Profit or Loss

For the Quarter ended 30th Chaitra 2082 (13th April 2026)

*Amount in NPR*

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Interest Income | 99,606,258 | 293,380,014 | 111,324,573 | 333,055,190 |
| Interest Expense | 57,692,176 | 192,660,742 | 72,645,113 | 237,676,961 |
| **Net Interest Income** | **41,914,082** | **100,719,272** | **38,679,460** | **95,378,229** |
| Fee and Commission Income | 5,241,338 | 13,940,782 | 4,332,484 | 10,087,249 |
| Fee and Commission Expense | 24,252 | 53,103 | 24,703 | 185,289 |
| **Net Fee and Commission Income** | **5,217,086** | **13,887,678** | **4,307,781** | **9,901,960** |
| **Net Interest, Fee and Commisson Income** | **47,131,168** | **114,606,950** | **42,987,240** | **105,280,190** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | 103,892 | 2,580,905 | (1,256,209) | 1,292,950 |
| **Total Operating Income** | **47,235,060** | **117,187,855** | **41,731,032** | **106,573,140** |
| Impairment Charge/ (Reversal) for Loans and Other Losses | 7,042,812 | 8,831,300 | (41,533,586) | (127,765,270) |
| **Net Operating Income** | **40,192,248** | **108,356,556** | **83,264,618** | **234,338,410** |
| **Operating Expense** | **41,522,595** | **125,205,824** | **40,773,556** | **122,270,030** |
| Personnel Expenses | 23,004,622 | 70,483,893 | 24,118,031 | 70,307,576 |
| Other Operating Expenses | 15,006,748 | 43,753,877 | 13,454,535 | 42,306,311 |
| Depreciation & Amortisation | 3,511,224 | 10,968,055 | 3,200,991 | 9,656,143 |
| **Operating Profit** | **(1,330,347)** | **(16,849,269)** | **42,491,062** | **112,068,380** |
| Non Operating Income | - | 50,800 | 4,525 | 4,525 |
| Non Operating Expense | 16,275,218 | 16,275,218 | - | - |
| **Profit Before Income Tax** | **(17,605,565)** | **(33,073,687)** | **42,495,587** | **112,072,906** |
| **Income Tax Expense** | | | | |
| Current Tax | - | - | 12,748,676 | 33,621,872 |
| Previous Year Tax | - | - | - | - |
| Deferred Tax | - | - | - | - |
| **Profit/(loss) for the Period** | **(17,605,565)** | **(33,073,687)** | **29,746,911** | **78,451,034** |
| **Profit attributable to:** | | | | |
| Equity holders of the Bank | (17,605,565) | (33,073,687) | 29,746,911 | 78,451,034 |
| Non-controlling interest | - | - | - | - |
| **Profit for the Period** | **(17,605,565)** | **(33,073,687)** | **29,746,911** | **78,451,034** |
| **Earning Per Share** | | | | |
| Basic Earning per Share (Annualised) | | - | | 18.76 |
| Diluted Earning per Share (Annualised) | | - | | 18.76 |
| **Profit/(loss) for the period** | **(17,605,565)** | **(33,073,687)** | **29,746,911** | **78,451,034** |
| Other Comprehensive Income Net of Income Tax | 1,726,903 | 699,882 | 3,150,296 | 10,799,339 |
| **Total Comprehensive Income for the Period** | **(15,878,662)** | **(32,373,805)** | **32,897,207** | **89,250,373** |
| Total Comprehensive Income attributable to: | | | | |
| Equity-Holders of the Bank | (15,878,662) | (32,373,805) | 32,897,207 | 89,250,373 |
| Non-controlling Interest | - | - | - | - |
| **Total Comprehensive Income for the Period** | **(15,878,662)** | **(32,373,805)** | **32,897,207** | **89,250,373** |

### Ratios as per NRB Directives

*Amount in NPR*

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Capital Fund to RWA | | 11.44% | | 11.49% |
| Tier 1 Capital to RWA | | 9.53% | | 9.86% |
| Non-performing Loan (NPL) to Total Loan | | 7.92% | | 8.64% |
| Total Loan Loss Provision to Total NPL | | 84.87% | | 86.28% |
| Net Non-Performing Loan to Total Loan (Net NPL) | | 3.18% | | 2.96% |
| Credit to Deposit Ratio | | 66.04% | | 70.66% |
| Return on Equity (Annualised) | | -8.66% | | 23.49% |
| Return on Asset (Annualised) | | -0.71% | | 1.75% |
| Cost of Funds | 4.31% | | 5.49% | |
| Base Rate (Quarterly Average) | 7.48% | | 8.60% | |
| Interest Rate Spread | 4.58% | | 4.58% | |

**Notes to NFRS Compliant Financials as per NRB circular:**

1. The above financials have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and in the format prescribed by NRB.
2. Previous period figure have been regrouped / rearranged / restated wherever necessary.
3. Loan and Advances include interest receivables and are presented net of impairment charges.
4. In Compliance with NRB's ECL Guideliness, the bank has de-recognised interest income on loans & Advances classified Life time ECL under stage-3
5. The Bank, following regulatory backstop as mentioned in Clause 16 of "NFRS 9- Expected Credit Loss Related Guidelines, 2024" has recognized impairment on credit exposures as the HIGHER of total ECL calculated as per NFRS 9 and existing regulatory provisions as mentioned in Unified NRB Directives no 02. Financial Statements with Full Compliance to ECL Guideliness shall be reported separately to NRB by the Bank.
6. Above figures are subject to change upon otherwise instructions of Statutory Auditor and/or Regulatory Authorities .
7. Detail interim financial report has been published in the bank's websites: www.sindhubank.com.np

### Statement of Distributable Profit or Loss

For the Quarter ended 30th Chaitra 2082 (13th April 2026)

(As per NRB Regulation)

*Amount in NPR*

| Particulars | Current Year Upto this Quarter YTD | Previous Year Corresponding Quarter YTD |
|---|---|---|
| **Net profit or (loss) as per statement of profit or loss** | **(33,073,687)** | **78,451,034** |
| **Appropriations:** | | |
| a. General reserve | - | 15,690,207 |
| b. Foreign exchange fluctuation fund | - | - |
| c. Capital redemption reserve | - | - |
| d. Corporate social responsibility fund | - | 784,510 |
| e. Employees' training fund | 554,229 | 1,832,364 |
| f. Other | - | - |
| **Profit or (loss) before regulatory adjustment** | **(33,627,915)** | **60,143,953** |
| **Regulatory adjustment :** | | |
| a. Interest receivable (-)/previous accrued interest received (+) | (6,976,097) | 8,730,289 |
| b. Short loan loss provision in accounts (-)/reversal (+) | - | - |
| c. Short provision for possible losses on investment (-)/reversal (+) | - | 10,799,339 |
| d. Short loan loss provision on Non Banking Assets (-)/resersal (+) | (22,751,257) | 41,386,159 |
| e. Deferred tax assets recognised (-)/ reversal (+) | - | 4,628,288 |
| f. Goodwill recognised (-)/ impairment of Goodwill (+) | - | - |
| g. Bargain purchase gain recognised (-)/resersal (+) | - | - |
| h. Actuarial loss recognised (-)/reversal (+) | - | - |
| i. Other | - | - |
| - Fair Value Reserves | 699,882 | 2,199,085 |
| **Net Profit for the Quarter ended on Chaitra 2082 available for distribution** | **(62,655,388)** | **127,887,114** |
| Opening Retained Earning as on Shrawan 1 2082 | (203,693,789) | (371,784,191) |
| Adjustment (+/-) | 0.07 | - |
| Distribution: | | |
| Bonus shares issued | - | - |
| Cash Dividend Paid | - | - |
| **Total Distributable profit or (loss) as on Quater end Chaitra 2082** | **(266,349,177)** | **(243,897,077)** |
| Annualised Distributable Profit/Loss per share | (0.48) | (0.44) |

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली

((२०७३ को अनुसूची १४ नियम २६ को उपनियम (१) संग सम्बन्धित) आ.व. २०८२/८३ को तेस्रो त्रैमासिक प्रतिवेदन

१) **वित्तीय विवरण**

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्वन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपात सम्वन्धी विवरण:

समिक्षा अवधिको अन्तसम्ममा यस विकास वैंकको वित्तीय अनुपातहरु तपसिल वमोजिम रहेका छन् ।

| प्रति शेयर आम्दानी (वार्षिक) | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रतिशेयर कुल सम्पत्तिको मुल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| (७.९१) | (९५.८५) | ९१.३० | १,११३.७२ | ३८.४३ |

२) **व्यवस्थापकीय विश्लेषण**

क) बैंकको खुद ब्याज आम्दानी र कुल संचालन आम्दानी गत आ.ब.को भन्दा वृद्धि भएतापनि विषम परिस्थितिको कारणले निक्षेप वृद्धिको अनुपातमा कर्जा लगानी वृद्धि नभएकोले ब्याज खर्च बढ्न गई खुद नोक्सानी भएको छ । तथापि अन्य परिसुचकहरु सन्तोषप्रद रहेका छन । साथै, गत आ.ब. भन्दा निष्कृय कर्जाको अनुपातमा सुधार देखिएको छ । हालको विषम परिस्थितिको कारणले कर्जाहरुको मागमा संकुचन आएको र निष्कृय कर्जा असुलीमा असर परेको देखिन्छ ।

३) **कानूनी कारवाही सम्वन्धी विवरण**

क) विकास बैंकको सामान्य व्यवसायिक कारोबारको सिलसिलामा कर्जा असूलीसंग सम्बन्धित मुद्धा बाहेक समीक्षा अवधिमा विकास वैंकलाई कानूनी कारवाही सम्वन्धि कुनै मुद्धा दायर भएको जानकारी प्राप्त नभएको ।

ख) विकास वैंकका संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त नभएको ।

ग) समीक्षा अवधिमा कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्धा दायर भएको जानकारी प्राप्त नभएको ।

४) **संस्थाको शेयर कारोवार सम्वन्धी विवरण**

धितोपत्र बजारमा सेयरको खरिद विक्री कार्य स्वतन्त्र रुपले हुने गर्दछ । बैंक व्यवस्थापनको तर्फवाट नियमनकारी निकायको निर्देशन वमोजिम शेयर मूल्यमा असर पार्ने सुचना तत्कालै पेश गर्ने गरिएको छ । यस बिकास बैंकको आ.व. २०८२/०८३ को तेस्रो त्रैमासिक अवधिको शेयर कारोवारको विवरण यस प्रकार रहेको छ । (स्रोत: www.nepalstock.com)

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोवार संख्या | कारोबार दिन |
|---|---|---|---|---|
| ९१९ | ७०० | ७५८.२० | २१,१३८ | ५३ |

५) **समस्या र चुनौतीहरु**

१) हालै देशमा घटेको जेनजी आन्दोलनको प्रभावले आर्थिक र राजनैतिक क्षेत्रमा देखिएको अन्यौलताले निम्त्याएको चुनौतीहरु ।

२) देशको अर्थतन्त्रमा देखिएको शिथिलताको कारणले कर्जाको मागमा भएको कमीको कारणले समग्र बैकिंग व्यवसायमा परेको असरहरु ।

३) ठुला बैक तथा वित्तीय संस्थाको न्युन कोष लागतको कारणले कर्जा प्रवाहमा चर्को प्रतिस्पर्धाले पारेको असरहरु ।

४) उत्पादनशील क्षेत्र (Productive Sector) तथा प्राथमिकता प्राप्त क्षेत्र (Priority Sector) मा ठोस रुपमा हुन नसकेको लगानी वृद्धिका कारण देशको अर्थतन्त्रमा पर्न सक्ने दुरगामी असरहरुले निम्त्याउने चुनौतीहरु ।

५) दक्ष तथा प्रतिस्पर्धी कर्मचारीहरुको अभाववाट हुनसक्ने संचालन लगायतका जोखिमहरु ।

६) संचालन तथा जोखिम न्यूनिकरणका लागि लागत खर्चमा भएको बृद्धि, बैंकिङ्ग क्षेत्रको बढ्दो प्रतिस्पर्धा आदिका कारण मार्जिन दर खुम्चिन गई मूनाफामा हुन सक्ने असर ।

६) **संस्थागत सुशासन**

संस्थागत सुशासन सम्वन्धि नेपाल राष्ट्र वैंक लगायत सम्बन्धित नियमनकारी निकायहरुवाट प्राप्त मार्ग निर्देशनहरु यस वैंकले उच्च प्राथमिकताका साथ पालना गर्दै आएको छ । वैंकको सुशासन अभिवृद्धि एवं संस्थाले गर्ने कार्यहरु पारदर्शी एवं नियम संगत रुपले सम्पादन गर्नका लागि संचालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, ALCO क्रियाशील रहेका छन्। वैंकको कारोवारलाई व्यवस्थित गर्न आवश्यक आन्तरिक नीति तथा निर्देशनहरु तर्जुमा गरी लागू गरिएको छ । विगतमा रहेका नीतिनियम, विनियमावली, प्रोडक्ट पेपरहरुलाई अद्यावधिक गरि लागू गर्ने कार्य गरिएको छ ।

७) **सत्य, तथ्यता सम्वन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गरी निर्णय लिनकालागि आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

**नोट: सूचनाको हक सम्वन्धि ऐन, २०६४ को दफा ५ को उपदफा (३) वमोजिमको बिवरण यस बिकास बैंकको आधिकारिक वेबसाईट : www.sindhubank.com.np मा राखिएको छ ।**